चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक उपस्थिति

बैठक मितिः २०८१/०८/०३ बैठक सङ्ख्याः ०६

बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ३:०० बजे

आज मिति २०८१/०८/०३ गते बसेको गाउँ कार्यपालिका बैठकको उपस्थिति यस प्रकार रहेको छः-

| क्र.सं. | पद | दर्जा | पदाधिकारीको नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष | अध्यक्ष | पासाङ नुर्बु शेर्पा | | |
| २. | सदस्य | उपाध्यक्ष | मनकला राई | | |
| ३. | सदस्य | वडाध्यक्ष | पूर्ण कुमार राई | | |
| ४. | सदस्य | वडाध्यक्ष | दिनेश कुमार राई | | |
| ५. | सदस्य | वडाध्यक्ष | जित बहादुर राई | | |
| ६. | सदस्य | वडाध्यक्ष | बाल कुमार तामाङ | | |
| ७. | सदस्य | वडाध्यक्ष | चन्द्रवीर राई | | |
| ८. | सदस्य | सदस्य | राजेन्द्र घले | | |
| ९. | सदस्य | सदस्य | इन्द्र बहादुर राई | | |
| १०. | सदस्य | सदस्य | पुष्पा राई | | |
| ११. | सदस्य | सदस्य | जुल्मी राई | | |
| १२. | सदस्य | सदस्य | तारा कुमारी विश्वकर्मा | | |
| १३. | सचिव | प्र.प्र.अ. | सन्तोष राई | | |
| १४. | आमन्त्रित सदस्य | | | | |

CamScanner

चिचिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

| | | | |
|---|---|---|---|
| बैठक मितिः | २०८१/०८/०३ | बैठक सङ्ख्याः | ०६ |
| बैठक प्रारम्भ समयः | ११:०० बजे | बैठक समापन समयः | ३:०० बजे |

आजका दिन बसेको यस कार्यपालिका बैठकले कार्यसूचीका आधारमा छलफलबाट गरिएका सर्वसम्मत निर्णयहरूको मुख्य व्यहोरा निम्न बमोजिम छन्:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको समीक्षा गरियो ।

२. लङ्खुवा दोभान सडक पुल निर्माणका लागि शिलान्यास कार्यक्रम कोशी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्री श्री भुपेन्द्र राईलाई निमन्त्रणा गर्ने साथै निजको उपस्थितिमा चिचिला गाउँपालिकाद्वारा गत वर्ष आयोजित अन्तर्राष्ट्रिय सांस्कृतिक सम्मेलनको स्मारिका पुस्तक समेत विमोचन गर्ने र सोका लागि कार्यपालिका सदस्य श्री राजेन्द्र घलेले समन्वय गर्ने ।

३. धुवाँ छाँगां पार्क तथा पदमार्ग निर्माणका लागि लागत अनुमान तयारीका लागि मिति २०८१ मंसिर ६ गते सम्बन्धित वडाका जनप्रतिनिधि, विषयगत समितिका संयोजक, प्राविधिक कर्मचारी जाने, निवर्तमान जनप्रतिनिधि, जग्गादाताहरू, अन्य राजनीतिक दल लगायतका व्यक्तिहरूको प्रतिनिधित्व हुने गरी एकीकृत धुवाँ छाँगा विकास तथा प्रवर्द्धन समिति गठन गर्ने ।

४. चिचिला गाउँपालिका वडा नं.३ बस्ने श्री तेज बहादुर दर्जीको घरको छानामा मनसुनका कारण आएको पहिरोले क्षति पुऱ्याएको सम्बन्धमा विपद् व्यवस्थापन समिति संयोजक श्री इन्द्र बहादुर राईले स्थलगत अनुगमन गरी यकिन गर्ने र उक्त अनुगमनबाट प्राप्त विवरण अनुसार जस्तापाता खरिद गरी हस्तान्तरण गर्ने ।

५. तातो न्यानो वितरण अभियान अन्तर्गत ओपन खबर मिडिया प्रा.लि.बाट श्री मोहन अधिकारी र श्री सुरेशमान सिंह मिति २०८१/०८/०७ गते चिचिला गाउँपालिका आउने र सम्पूर्ण इच्छुक व्यक्तिहरूलाई निःशूल्क कपडा वितरण गर्ने प्रस्ताव प्राप्त भएको हुँदा न्यानो कपडा ढुवानीका लागि आवश्यक गाडी भाडा बापतको रकम गाउँपालिकाले व्यहोर्ने र सो विषयमा सम्बन्धित वडाका जनप्रतिनिधिहरूले प्रचारप्रसार गर्ने ।

६. एकीकृत कृषि फर्म सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने र कार्यविधि बमोजिम तत्काल सूचना प्रकाशन गरी कार्यक्रमका लागि प्रस्ताव आह्वान गर्ने ।

७. चिचिला वृहत खानेपानी आयोजनाको लागि आवश्यक मुहान पहिचान र मुहान दर्ता‌का लागि समन्वय गर्न कार्यपालिका सदस्य श्री बाल कुमार तामाङ र श्री राजेन्द्र घलेलाई जिम्मेवारी दिने

चिचिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चिचिला, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

## कार्यपालिका बैठक निर्णय

बैठक मितिः २०८१/०८/०३ बैठक सङ्ख्याः ०६
बैठक प्रारम्भ समयः ११:०० बजे बैठक समापन समयः ३:०० बजे

---

८. आ.व.२०८१/०८२ मा गाउँपालिकाबाट सञ्चालन हुने जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ज्येष्ठ नागरिकहरूका लागि सिरक/कम्बल दोस्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्तासँग सँगै वितरण गर्ने ।

९. नोबेल मेडिकल अस्पताल, विराटनगरसँग सहकार्य गरी निःशूल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने तथा उक्त शिविरमा तथा उक्त अस्पतालमा रोग पहिचान भएका चिचिला गाउँपालिकाबासी बिरामीहरूको उपचारमा अस्पतालले शल्यक्रिया गर्नु पर्ने बिरामीहरूको हकमा ५० प्रतिशतसम्म छुट गरिदिने सम्बन्धमा नोबेल मेडिकल अस्पतालका माननीय डा.सुनिल शर्मासँग अनुरोध गर्ने ।

१०. सडक बोर्डबाट प्राप्त बजेटबाट देहाय बमोजिम सडक आयोजनाहरू कार्यान्वयन गर्नेः

| क्र.सं. | आयोजनाको विवरण | सडक बोर्डबाट (८० प्रतिशत) रु. | गाउँपालिकाको लागत सहभागिता (२० प्रतिशत) रु. | कैफियत |
|---|---|---|---|---|
| १. | वखुँवा-इम्चोङ्ग सडक सोलिङ | ८ लाख | २ लाख | |
| २. | संक्रान्ते-धजे-मच्छे सडक सोलिङ | ५ लाख २० हजार | १ लाख ३० हजार | |
| ३. | बर्खे-लोक्ताम सडक सोलिङ | ४ लाख ८० हजार | १ लाख २० हजार | |

११. पूर्वाधार विकास कार्यालय, तुम्लिङटारमा चिचिला गाउँपालिकाका देहायका योजनाहरूका लागि आवश्यक बजेट व्यवस्थापन गरिदिनका लागि अनुरोध गर्नेः

क. छयाङखोला ग्याविन वाल निर्माण, वडा नं.१,
ख. ओराङखोला ग्याविन वाल निर्माण, वडा नं.४ र ५,
ग. बखुवा-इम्चोङ्ग सडक सोलिङ, वडा नं.२,
घ. धमलाडाँडा-वंशिनाम-खोलाघारी सडक सोलिङ, वडा नं.५,
ङ. संक्रान्ते-धजे-मच्छे सडक सोलिङ, वडा नं.४,
च. पोखरीगाउँ-बर्खे सडक सोलिङ, वडा नं.१



CamScanner

अस्पताल, विराटनगरमा उपचाररत रहेको हुँदा निजलाई गाउँपालिकाको आर्थिक सहायता शीर्षकबाट रु.१०,०००।—(दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

१८. चिचिला गाउँपालिका वडा नं.१ बस्ने श्री कृष्ण बहादुर राईको श्रीमती श्री आशलक्षी राई मृगौला र पाठेघरमा समस्या भई बी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचाररत रहेको हुँदा निजलाई गाउँपालिकाको आर्थिक सहायता शीर्षकबाट रु.१५,०००।—(पन्ध्र हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

१९. चिचिला गाउँपालिका वडा नं.२ बस्ने श्री आसराम राईको छोरा ना.प्र.नं.७३१/१९६३८ को श्री रत्न बहादुर राई घाँस काट्ने क्रममा लडी गम्भीर चोट लागेर हाल नोबेल मेडिकल अस्पताल, विराटनगरमा उपचाररत रहेको हुँदा निजलाई आर्थिक सहायता शीर्षकबाट रु.१०,०००।—(दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

२०. चिचिला गाउँपालिका वडा नं.२, याफुडाँडा बस्ने श्री शिव कुमार राईको छोरा, ना.प्र.प.नं.३०९३/६४१८३ को श्री बुद्धि बहादुर राई बिरामी भई नोबेल मेडिकल अस्पताल, विराटनगरमा उपचारमा रहनु भएको हुँदा निजलाई आर्थिक सहायता शीर्षकबाट रु.१०,०००।—(दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।

२१. चिचिला गाउँपालिका वडा नं.४ स्थित मत्स्यपोखरीमा मंसिर पूर्णिमाको अवसरमा लाग्ने मेलाका लागि सजावट प्रयोजनका लागि झिलीमिली बत्ती गाउँपालिकाले व्यवस्थापन गर्ने ।

२२. आ.व.२०८०/०८१ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरियो ।

२३. स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम तह वृद्धि प्रयोजनका लागि "चिचिला गाउँपालिकाको कर्मचारी तह वृद्धि/बढुवा सम्बन्धी कार्यविधि, २०८०" को दफा ३ बमोजिम देहायको तह वृद्धि सिफारिस समिति गठन गर्नेः-

(क) अध्यक्ष- सन्तोष राई, प्रमुख प्रशासकीय अधिकृत

(ख) सदस्य- वासु कोइराला, शिक्षा अधिकृत

(ग) महिला सदस्य- प्रभा राई ।